सधै र सबैको लागि खबर खोज्ने अभियान

खबर दर्पण

Khabar Darpan National Daily


राष्ट्रिय दैनिक

♦ वर्ष १० ♦ अंक ३८ ♦ २०८३ साल मंसीर ६ आइतवार ♦ 22 Nov 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९



तपाई जुन सुकै ठाउँमा भए पनि हामीलाई सामग्री पठाएर । विज्ञापन वापतको रकम जम्मा गरेको स्क्रिनसट पठाउनुस् । हामी विज्ञापन गरी दिन्छौं ।

मधेसका नवनियुक्त मुख्यमन्त्री सरोजकुमार यादवले आज शपथ लिँदै, बहुमत जुटाउन चुनौती

खबर दर्पण समाचारदाता

मंसीर ५ गते, बर्दिवास



मधेस प्रदेशका नवनियुक्त मुख्यमन्त्री सरोजकुमार यादवले आज (आइतबार) पद तथा गोपनीयताको शपथ लिँदैछन् । प्रदेश प्रमुखको कार्यालयका अनुसार यादवले आइतवार बिहान १० बजे मुख्यमन्त्री पदको शपथ लिने कार्यक्रम तय भएको छ ।

प्रदेश प्रमुख सुरेन्द्र लाभ कर्णले नेपालको संविधानको धारा १६८ को उपधारा (३) बमोजिम शुक्रबार यादवलाई मुख्यमन्त्री नियुक्त गरेका थिए ।

यसअघि प्रदेश प्रमुखको कार्यालयले कात्तिक २८ गते संविधानको धारा १६८ को उपधारा (२) अनुसार दुई वा दुईभन्दा बढी दलको समर्थनमा बहुमत जुटाउन सक्ने प्रदेशसभा सदस्यलाई मुख्यमन्त्रीमा नियुक्त गर्न दाबी पेस गर्न आह्वान गरेको थियो । तर, निर्धारित समयभित्र कुनै पनि दल वा प्रदेशसभा सदस्यले दाबी पेस नगरेपछि प्रदेशसभाको सबैभन्दा ठुलो दल जनता समाजवादी पार्टी (जसपा) नेपालका संसदीय दलका नेता यादव मुख्यमन्त्री नियुक्त भएका हुन् ।

मुख्यमन्त्री नियुक्त भए पनि यादवका लागि सरकार टिकाउनु मुख्य चुनौती बनेको छ । संवैधानिक व्यवस्थाअनुसार उनले अबको ३० दिनभित्र प्रदेशसभाबाट विश्वासको मत लिनुपर्नेछ । तर, अहिलेसम्म अन्य दलसँग सत्ता सहकार्यको सहमति जुट्न नसकेकाले विश्वासको मत प्राप्त गर्ने राजनीतिक आधार उनीसँग स्पष्ट देखिएको छैन ।

१०७ सदस्यीय मधेस प्रदेशसभामा प्रतिनिधिसभा निर्वाचनका लागि चार प्रदेशसभा सदस्यले राजीनामा दिएपछि हाल कायम सदस्य संख्या १०३ छ । यस्तो अवस्थामा मुख्यमन्त्रीले विश्वासको मत प्राप्त गर्न कम्तीमा ५३ मत आवश्यक पर्छ । जसपा नेपालसँग २८ प्रदेशसभा सदस्य रहे पनि एक सदस्य निलम्बनमा रहेकाले हाल २७ सदस्यको मात्रै समर्थन छ । यसअनुसार यादवलाई विश्वासको मत प्राप्त गर्न थप २६ सदस्यको समर्थन जुटाउनुपर्ने देखिन्छ ।

यता नेपाली कांग्रेस, नेकपा एमाले र नेपाली कम्युनिस्ट पार्टी (नेकपा) का संसदीय दलका नेताहरूले भने आफूहरूसँग बहुमत पुग्ने प्रदेशसभा सदस्य संख्या रहेको दाबी गर्दै प्रदेश प्रमुखसमक्ष निवेदन दिएका थिए । उनीहरूले संविधानको धारा १६८ को उपधारा (२) अनुसार सरकार गठनका लागि दाबी पेस गर्ने समय थप गर्नसमेत आग्रह गरेका थिए ।

तर, प्रदेश प्रमुखले उपधारा ९३० अनुसार सबैभन्दा ठुलो दलको संसदीय दलका नेताका रूपमा यादवलाई मुख्यमन्त्री नियुक्त गरेपछि मधेसको सत्ता समीकरण नयाँ राजनीतिक मोडमा पुगेको छ ।

यादवको मुख्यमन्त्रीमा दोस्रो कार्यकाल

सरोजकुमार यादव यसअघि पनि मधेस प्रदेशको मुख्यमन्त्री भइसकेका छन् । उनी पहिलोपटक २०७९ पुस २७ गते संविधानको धारा १६८ को उपधारा (२) बमोजिम मुख्यमन्त्री नियुक्त भएका थिए ।

तर, २०८१ जेठ २३ गते प्रदेशसभाबाट विश्वासको मत प्राप्त गर्न नसकेपछि उनको पहिलो कार्यकाल समाप्त भएको थियो । त्यसबेला प्रदेशसभामा उपस्थित १०३ सांसदमध्ये ५० जनाले मात्रै विश्वासको मतको पक्षमा मतदान गरेका थिए भने ५३ जनाले विपक्षमा मतदान गरेका थिए ।

पहिलो कार्यकालमा विश्वासको मत गुमाएका यादव दोस्रोपटक मुख्यमन्त्री बनेका छन् । यसपटक भने उनलाई पद सम्हाल्नुभन्दा पनि प्रदेशसभामा आवश्यक बहुमत जुटाएर सरकारलाई निरन्तरता दिनु ठुलो चुनौती हुने देखिएको छ ।

यादवले सात दिनभित्र विश्वासको मत लिने

मधेश प्रदेशका नवनियुक्त मुख्यमन्त्री सरोजकुमार यादवले सात दिनभित्र प्रदेशसभाबाट विश्वासको मत लिने बताएका छन् ।

मुख्यमन्त्रीमा नियुक्त भएसँगै उनले प्रदेशसभामा विश्वासको मत प्राप्त गर्ने तयारी अघि बढाएका हुन् ।

मुख्यमन्त्रीमा यादवको नियुक्तिसँगै मधेश प्रदेशमा नयाँ सरकार गठनको प्रक्रिया अघि बढेको छ । अब उनले प्रदेशसभाबाट विश्वासको मत प्राप्त गरी सरकारको निरन्तरता सुनिश्चित गर्नुपर्ने संवैधानिक व्यवस्था छ ।

संवैधानिक व्यवस्थाअनुसार उनले अबको ३० दिनभित्र प्रदेशसभाबाट विश्वासको मत लिनुपर्नेछ । यद्यपी, अहिलेसम्म अन्य दलसँग सत्ता सहकार्यको सहमति जुट्न नसकेकाले विश्वासको मत प्राप्त गर्ने राजनीतिक आधार उनीसँग स्पष्ट देखिएको छैन ।

मितव्ययी रुपमा चाडपर्व मनाऔं

- चाडपर्व मनाउदा आम्दानी अनुसारको योजना बनाएर मात्र खर्च गरौं,
- देखासिकी र प्रतिस्पर्धाका लागि ऋण लिएर अनावश्यक खर्च नगरौं,
- आवश्यकता अनुसार मात्र सरसामान खरिद गर्ने बानी बसालौं,
- खरिद गर्दा स्थानीय तथा स्वदेशी उत्पादनलाई प्राथमिकता दिऔं,
- खाना तथा अन्य सामग्री खेर नफालौं,
- मितव्ययिता अपनाई परिवारको आर्थिक स्थायित्व कायम गरौं,
- चाडपर्वलाई अनावश्यक भड्किलो र खर्चिलो नबनाऔं ।

चाडपर्वको खुसी खर्चको प्रतिस्पर्धामा होइन, आत्मीयता र सद्भावमा हुन्छ ।

लक्ष्मीनिया गाउँपालिका, धनुषा

खाद्य स्वच्छता र गुणस्तरमा ध्यान दिऔं

- खाद्य पदार्थ खरिद गर्नुअघि उत्पादन, उपभोग्य मिति र लेबल अनिवार्य रूपमा जाँच गरौं,
- म्याद नाघेका, सडेगलेका वा गुणस्तरहीन खाद्य पदार्थ उपभोग नगरौं,
- प्याकेजिङ च्यातिएको, फुलेको वा क्षतिग्रस्त अवस्थामा रहेको खाद्य पदार्थ खरिद/बिक्री नगरौं,
- शंकास्पद वा मिसावटयुक्त खाद्य पदार्थको प्रयोगबाट बचौं,
- मिठाई, मासु, दूधजन्य तथा छिट्टै बिग्रने खाद्य पदार्थको भण्डारणमा विशेष ध्यान दिऔं,
- स्वच्छ तथा सफा पानीको प्रयोग गरौं,
- गुणस्तरहीन वा म्याद नाघेका खाद्य पदार्थ बिक्री/वितरण भएको पाइएमा सम्बन्धित निकायलाई जानकारी गराऔं ।

मिथिला नगरपालिका, धनुषा

खबर दर्पण
राष्ट्रिय दैनिक

मिथिलामा 'लबान' को लहर

खबर दर्पण समाचारदाता

मंसीर ५ गते, बर्दिवास

चन्द्रमासको कार्तिक शुक्ल द्वादशी तिथिसँगै मधेसको मिथिला क्षेत्रमा 'लबान' पर्व सुरु भएको छ। नयाँ अन्न घर मा प्रयोग र यज्ञयज्ञादि शुभकार्यमा पवित्र बनाइने विधिका रुपमा यो पर्व मिथिलाका घरघरै मनाउने चलन छ। नयाँ धानबाली दाइँ गरेपछि मनाइने यो पर्व हरि बोधिनी एकदशी व्रतको साङ्गतासँगै मिथिलामा 'लबान'का रुपमा मनाउने गरिएको छ।

सामान्यतया नयाँ धान थन्क्याएपछि मङ्सिरभरि अनुकूलताअनुसार मनाउने गरि एकामा पछिल्ला केही दशकयता भने मङ्सिरमा पाक्ने रैथाने जातका धान लगाउन छाडिएपछि हरिबोधनीको व्रत साङ्गतासँगै जोडेर यो पर्व मनाउन थालिएको हो। पछिल्ला वर्षमा कात्तिकमै पाक्ने उन्नत जातका धान लगाउने प्रचलन बढ्दै गएको छ।

"होम र यज्ञका लागि कार्तिक शुक्ल द्वादशी सर्वोत्तम तिथि मानिन्छ, अचेल नयाँ जातका धान यसबेलाअघि नै तयार गरीसकिएको हुन्छ", भङ्गाहा-५ सिद्धपुरका बासिन्दा मैथिली लोकपरम्पराका जानकार ६५ वर्षीय रामनारायण झा भन्छन्, "त्यसैले धेरैजसोले यसै दिन 'लबान' को होमयज्ञ आयोजना गर्न लागेका हुन्।"

झाका अनुसार, संस्कृतमा 'नवान्न' (नयाँ अन्न) को होम गरेर प्रयोगमा ल्याइने पुरानो वैदिक परम्परा नै पछि मैथिली बोलीचालीमा 'लबान' भएको हो। अन्नबालीमा धान मुख्य मानिने पहिलेदेखिकै मान्यताले यावत् अन्नलाई संस्कृतमा एकमुष्ट भनिदा 'धान्यादि' भनिएको पाइन्छ।

यसै मान्यताले धानको विधिपूर्वक होमयज्ञ गरेपछि वर्षभरिका सबै अन्न घर प्रयोग र विभिन्न यज्ञयज्ञादि शुभकार्यमा चलाइन सकिने धार्मिक मान्यताले यो पर्व परम्परा सुरु भएको मैथिल क्षेत्रका पाकाहरु बताउँछन्। "धान होम गरेपछि वर्षभरि सबै अन्नको प्रयोग खुल्छ", एकडाराको भटौलियाका बासिन्दा संस्कृतिविद् ७० वर्षीय विजयलाल कर्ण भन्छन्।

यस पर्वमा नयाँ धान कुटेर परिवारका सबै सदस्यले चिउरा, दूध र गुँड (सखर) पवित्र यज्ञको अग्नीमा होम गरी भगवान विष्णुलाई अर्पित गरेपछि शेषान्न (उब्रेको) प्रसादस्वरुप खाने चलन छ। त्यो विधिसँगै पुरोहितलाई भोजन गराएर दक्षिणासहित नयाँ अन्नको सिधा दान गरिँदै आएको छ।



उक्त विधिपछि सबै अन्न वर्षभरि चलन गर्न सकिने मान्यता छ। उक्त विधिमा ग्रामदेवताको पूजा गरिने चलनसमेत छ। 'लबान' यज्ञका लागि बनेका सबै परिकार देवतालाई चढाएपछि नयाँ अन्नको प्रयोग खुल्ने मैथिल परम्परा रहेको कर्णले स्पष्ट पारे।

उक्त विधिलाई पहाडी परम्पराका 'न्वागी खाने' भन्ने परम्परा छ। महोत्तरी जिल्लाको सुदुर उत्तरी क्षेत्रमा घरघरैजसो नवान्न अर्थात् (हिउँदे धान) को 'न्वागी' खाने विधि पनि धेरैजसोले आजै सम्पन्न गरेका छन्। मैथिल परम्परामा चिउरा मुख्य भोग लगाइने चलनजस्तै पहाडी परम्परामा भने नयाँ धानको चामल दही र सख्खरमा भिजाइएको परिकार खाइने परम्परा छ। यो परिकार लाई बोलीचालीमा 'भिजाएका चामल' पनि भनिन्छ।

यस पर्वका अवसरमा घरघर का आँगनमा रहने तुलसीका मठ नजिकै नयाँ धानको चामलमा घिउ (घ्यू) र तिल मुछेर वैदिक मन्त्रोच्चारणसहित पुरोहितले होम गरेपछि नयाँ अन्न खानपिनमा वर्षभरि प्रयोग गर्न बाटो खुल्ने हिन्दू परम्पराका पर्वते समुदायको चलन छ।

संस्कृतमा सबै अन्नलाई 'धान्यादि' भनिएर अन्नको राजा धानलाई मानिएको मैथिल विश्वासजस्तै पाहाडी चलनमा पनि धानको नयाँ फसल होम गरेर अग्नि देवतालाई चढाइएपछि सबै अन्न वर्षभरि खानपिनमा प्रयोग गर्न सकिने मान्यता छ।

वैदिक शास्त्रमा नयाँ अन्न प्रचलनमा ल्याउनअघि होमादी नगरिए त्यस्तो अन्न शुभकार्य र पितृकार्यमा नचल्ने पुरानो मान्यता छ। सामान्यतया मैथिल परम्पराको 'लबान' वा पहाडी चलनको 'न्वागी खाने' कार्तिक शुक्ल द्वादशी प्रमुख रुपमा र हेपनि मार्ग (मङ्सिर) शुक्ल पञ्चमीसम्म न्वागीका लागि होमादी गर्न सकिने परम्परा रहेको कर्मकाण्डका ज्ञाता बर्दिबास-१ का बासिन्दा पण्डित भागवत् काफ्ले बताउँछन्।

-रासस

बालबालिकालाई डिजिटल जोखिमबाट सुरक्षित गरौं

- बालबालिकालाई सुरक्षित र जिम्मेवार डिजिटल प्रयोगबारे सचेत गराऔं,
- व्यक्तिगत विवरण, पासवर्ड र गोप्य जानकारी सुरक्षित राख्न सिकाऔं,
- अपरिचित व्यक्तिसँग अनलाइन सम्पर्क गर्दा सावधानी अपनाऔं,
- शंकास्पद लिङ्क, सन्देश र सामग्रीबाट टाढा रहन प्रेरित गरौं,
- इन्टरनेट प्रयोगमा अभिभावकीय निगरानी र संवाद बढाऔं,
- सामाजिक सञ्जालको सकारात्मक र मर्यादित प्रयोग गरौं,
- अनलाइन दुर्व्यवहार भए/गरेको पाइएमा नजिकको प्रहरी कार्यालयमा खबर गरौं।

प्रविधिको सही प्रयोगमार्फत बालबालिकाको सुरक्षित भविष्य निर्माण गरौं

विदेह नगरपालिका, धनुषा

भू-संरक्षणमा ध्यान दिऔं

- भू-क्षय र पहिरो नियन्त्रणमा योगदान दिऔं,
- भिरालो जमिनमा खेती गर्दा गरा बनाई गरौं,
- भूक्षय रोक्ने रुख, घाँस (अम्रिसो, बाँस) जस्ता बोटबिरुवा रोपौं,
- बिना अनुमति गिट्टि, बालुवा, माटो, ढुङ्गा उत्खनन नगरौं,
- भू-बनोट र वातावरणीय अध्ययन गरेर मात्र सडक पूर्वाधार निर्माण गरौं,
- वन, जलस्रोत र प्राकृतिक सम्पदाको संरक्षण गरौं,
- भू-संरक्षणमा समुदायको सहभागिता बढाऔं।

भू-रक्षाः जीवनको सुरक्षा

सबैला नगरपालिका, धनुषा

☎☎ आवश्यक टेलिफोन नम्बरहरू ☎☎

जनकपुर

धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि.	५२५८००
जनपा वारुण यन्त्र	५२००११
एम्बुलेन्स (सरोज फाउण्डेशन)	५२२८०६
एम्बुलेन्स (मारवाडी सेवा समिति)	–५२२७६२, ५२१७८४
एम्बुलेन्स (जानकी मेडिकल कलेज)	–५२६०९०, ५२६०९१
महाविर युवा कमिटी ऐंबुलेंस्	२५९८०
कृष्णा नर्सिंग होम	५२१९१८
जनकपुर मेडिकल सेन्टर	५२०७१४
जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर	५२३३२८
जनकपुर रेल्वे	५२०२११
आँखा अस्पताल	५२०३९७
जनकपुर सुरक्षा गुल्म	५२०१८६/५२६५८६
प्रहरी	५२००९९
एम्बुलेन्स रेडक्रस	१०२
जनकपुर अञ्चल अस्पताल	५२००३३
बछ्यार प्रसुति सेवा केन्द्र	५२२४५७
विद्युत फ्युज शाखा	५२०१५१
बुद्ध एयर	५२५०२२
गोर्खा एयर	५२१२९४
सीता एयर	५२५९९०
जानकी केबल टिभी नेटवर्क	५२३७२८

वर्दिवास

बर्दिवास अस्पताल	५५००९०
ट्राफीक प्रहरी	५५००५५
छिन्नमस्ता सशस्त्र प्रहरी गण	५५०४०४
जिल्ला खानेपानि (गौरी डाडाँ)	५५०००५
ढल्केवर (नो लाईट)	०४१-५६००६८
सुरक्षा क्याम (रेडियो नेपाल)	५५००२३
बर्दिवास नगरपालिका	५५००३१
खानेपानि कार्यालय	५५०११०
प्रहरी	५२०१९९
प्रहरी	५२००९९
बर्दिवास दुरसञ्चार	५५००००
पारिजात स्मृति अस्पताल	५५०३७२
नेपाल परिवार नियोजन संघ	५५०१०७
इलाका प्रहरी कार्यलय वर्दिवास	५५०००६
खानेपानी बर्दिवास	५५०१४३
रेडक्रस एम्बुलेन्स	५२०१००
मेरी स्टोप्स सेन्टर	५५०१२६
शुभ स्वस्तिक हस्पिटल	५५०२५५
जनसेवा हस्पिटल	५५०४०६
बर्दिवास आँखा अस्पताल	५५०४७७
इलाका प्रशासन कार्यालय वर्दिवास	५५०६६८
IRDS समाज सहकारी अस्पताल	५५०४०१

ढल्केवर

खानेपानी	९८२४८०५९५०
इलाका प्रहरी कार्यालय	०४१-५६०१००
प्रहरी	५२००९९
विद्युत फ्युज शाखा	०४१-५६०१६८
एम्बुलेन्स	९८०४८६७५५४
एम्बुलेन्स	९८१५८३२०३२
ओम शान्ति पोलिक्लिनिक	०४१-५६०१५२

जलेश्वर

अस्पताल	५२००७०
प्रहरी	५२०००९
अस्थायी प्रहरी चौकी भीठामोड	५२०२०९
एम्बुलेन्स	५२०१००
विद्युत्	५२००६६
विद्युत्	५२०११६

महेन्द्रनगर

एम्बुलेन्स (सोसल वेलफेयर & रिसर्च सेन्टर)	४१-५४०२३२
महेन्द्रनगर,धनुषा	९८४४०२४४५०/ ९८०४८२५८६०
एम्बुलेन्स (हिमालय युवा क्लव नक्टाझिज)	०४१-६२०४९१ ९८०४८१५१२६
इलाका प्रहरी कार्यालय महेन्द्रनगर	५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर	५४०१६१

दशौँ राष्ट्रिय खेलकुदका लागि मधेश प्रदेशस्तरीय कराते छनोट सम्पन्न

खबर दर्पण समाचारदाता

मंसीर ५ गते, बर्दिवास

दशौँ राष्ट्रिय खेलकुद प्रतियोगिता २०८३ का लागि मधेश प्रदेशस्तरीय कराते छनोट प्रतियोगिता सम्पन्न भएको छ। रौतहटको चन्द्रनिगाहपुरमा शनिबार सम्पन्न छनोट प्रतियोगितामा मधेश प्रदेशका आठवटै जिल्लाका खेलाडीहरूले विभिन्न विधा तथा तौल समूहमा प्रतिस्पर्धा गरेका थिए।

प्रतियोगिताको एकल काता पुरुषतर्फ धनुषाका बब्लु कबारी प्रथम हुँदा बाराका शुल्भ चौधरी दोस्रो तथा पर्साका विशम्भर पटेल र सर्लाहीका विकास सिङ्दाली तेस्रो भए।

एकल काता महिलातर्फ सिरहाकी रिधिरानी चौधरी प्रथम, बाराकी पुष्पाञ्जली कुशवाहा दोस्रो तथा रौतहटकी विनिशा गुरुङ र सर्लाहीकी कमला स्याङ्दान तेस्रो भए।

टिम काता पुरुषतर्फ सिरहाको टोली प्रथम, बाराको टोली दोस्रो तथा रौतहट र सप्तरीका टोली तेस्रो भए।

महिला टिम कातातर्फ सिरहाको टोली प्रथम, महोत्तरीको टोली दोस्रो तथा रौतहट र सर्लाहीका टोली तेस्रो स्थानमा रहे।

कुमितेतर्फ पुरुष ५० केजीमा सिरहाका प्रभास राज थापा, ५५ केजीमा सिरहाकै रोहित ठाकुर , ६० केजीमा महोत्तरीका आदित्य कालिकोटे, ६८ केजीमा सर्लाहीका दिनेश चिसिङ, ७५ केजीमा महोत्तरीका सम्यूल मगर ाती, ८४ केजीमा सर्लाहीका आरएन बोम्जन तथा ८४ केजीभन्दा माथिको तौल समूहमा सप्तरीका निहाल मण्डल प्रथम भए।

त्यसैगरी महिलातर्फ ४५ केजीमा सिरहाकी प्रोशिया चौधरी, ५० केजीमा महोत्तर ीकी मनिता मोक्तान, ५५ केजीमा सिरहाकी रविना परियार, ६१ केजीमा सिरहाकी रिया श्रेष्ठ तथा ६८ केजीमा सिरहाकी स्मारिका मगर प्रथम भए।

६८ केजीभन्दा माथिको तौल समूहमा सर्लाहीकी मंजरी जिम्बाले प्रथम स्थान हासिल गरिन्।

प्रतियोगितामा विभिन्न तौल समूह र विधामा दोस्रो तथा तेस्रो स्थान हासिल गर्ने खेलाडीहरू पनि मधेश प्रदेशका विभिन्न जिल्लाका रहेका छन्। छनोट प्रतियोगिताबाट उत्कृष्ट प्रदर्शन गर्ने खेलाडीहरूले आगामी दशौँ राष्ट्रिय खेलकुद प्रतियोगितामा मधेश प्रदेशको प्रतिनिधित्व गर्ने अवसर पाउनेछन्।

आगामी मंसिर १६ देखि २७ गतेसम्म कर्णाली प्रदेशको सुखेंतमा दशौँ राष्ट्रिय खेलकुद प्रतियोगिता आयोजना हुँदैछ। प्रतियोगितामा ११ टोलीका खेलाडीहरूले ३२ खेलका ३८४ इभेन्ट्समा प्रतिस्पर्धा गर्ने र १ हजार ३३७ पदकका लागि प्रतिस्पर्धा हुने जनाइएको छ।

प्रविधिको प्रयोग व्यवस्थित गरौं

- प्रविधिको प्रयोगलाई आवश्यक र उद्देश्यपूर्ण बनाऔं,
- परिवार र साथीभाइसँग प्रत्यक्ष संवाद र समय बिताउने बानी बसालौं,
- सामाजिक सञ्जालको जिम्मेवारीपूर्ण र मर्यादित प्रयोग गरौं,
- पारिवारिक र सामाजिक सम्बन्धलाई प्राथमिकता दिऔं,
- डिजिटल उपकरणको अत्यधिक प्रयोगबाट हुने नकारात्मक असरप्रति सचेत बनौं,
- बालबालिकालाई सुरक्षित, सन्तुलित र सिर्जनात्मक प्रविधि प्रयोगमा अभिप्रेरित गरौं,
- व्यक्तिगत गोपनीयता र साइबर सुरक्षामा विशेष ध्यान दिऔं,
- प्रविधिलाई मानव सम्बन्ध, शिक्षा, सेवा र विकासको सशक्त माध्यमका रूपमा प्रयोग गरौं।

हंसपुर नगरपालिका, धनुषा

कर तिर्ने संस्कृतिको विकास गरौं

- कानुनबमोजिम समयमै कर तिरी जिम्मेवार नागरिक बनौं,
- प्रत्येक खरिद-बिक्रीमा अनिवार्य रूपमा बिल-बिजक लिऔं र दिऔं,
- कर छली तथा अवैध कारोबारलाई निरुत्साहित गरौं,
- डिजिटल माध्यमबाट भुक्तानी गरी सेवा सहज बनाऔं,
- करदाताका अधिकार र कर्तव्यबारे सचेत बनौं,
- पारदर्शी, इमानदार र जिम्मेवार कर संस्कृतिको विकास गरौं,
- करबाट संकलित राजस्व राष्ट्रको विकास र सार्वजनिक सेवामा उपयोग हुने हुँदा राष्ट्र निर्माणमा सहभागि बनौं।

कर तिर्नु नागरिकको दायित्व र राष्ट्रप्रतिको योगदान हो।

बटेश्वर गाउँपालिका, धनुषा

विज्ञापन बोर्डमा सूचीकृत हुनुभयो त?

- विज्ञापन कारोबार गर्ने संचारमाध्यम तथा विज्ञापन एजेन्सीहरु प्रचलित कानूनबमोजिम विज्ञापन बोर्डमा सूचीकरण तथा नवीकरण हुनुपर्छ,
- विज्ञापनसम्बन्धी कारोबारलाई व्यवस्थित, पारदर्शी र मर्यादित बनाउन सूचीकरण तथा नवीकरण हुने व्यवस्थाको अनिवार्य पालना गरौं,
- विज्ञापन सामग्री उत्पादन, प्रकाशन, प्रसारण तथा वितरण गर्दा प्रचलित कानूनको पालना गरौं,
- भ्रमपूर्ण, अतिरञ्जित तथा उपभोक्ता हित विपरितका विज्ञापन नगरौं/नगराऔं,
- व्यवस्थित विज्ञापन बजार निर्माणमा विज्ञापनदाता, सञ्चारमाध्यम र विज्ञापन व्यवसायी लगायत सबै जिम्मेवार बनौं ।

विज्ञापन बजारलाई व्यवस्थित र मर्यादित बनाउन सबैले हातेमालो गरौं ।

क्षीरेश्वरनाथ नगरपालिका, धनुषा

जलवायु परिवर्तनको असर तथा प्रभावबारे सचेत बनौं

- जलवायु परिवर्तनले मानव जीवन, कृषि, पानी, स्वास्थ्य र जैविक विविधतामा पार्ने असरबारे सचेत बनौं,
- बाढी, पहिरो, डुबान, खडेरी तथा अन्य जलवायुजन्य जोखिमको पूर्वतयारी गरौं,
- वन तथा प्राकृतिक स्रोतको संरक्षण गरी जलवायु परिवर्तन न्यूनीकरणमा योगदान दिऔं,
- नवीकरणीय ऊर्जाको प्रयोगलाई प्रोत्साहन गरौं,
- वृक्षारोपण तथा हरियाली प्रवर्द्धन गरी कार्बन उत्सर्जन घटाउन सहयोग गरौं,
- जलस्रोतको संरक्षण गरौं र जलवायु परिवर्तनअनुकूल जीवनशैली अपनाऔं,
- प्लास्टिक तथा फोहोरजन्य प्रदूषण न्यूनीकरण गरौं,
- जलवायु परिवर्तनका जोखिमप्रति समुदायलाई सचेत र अनुकूलनशील बनाऔं ।

जलवायु परिवर्तनको असरबारे सचेत बनौं,
जलवायु-उत्थानशील समाज निर्माण गरौं ।

नगराईन नगरपालिका, धनुषा

सार्वजनिक यातायातको मर्यादित प्रयोग गरौं

- सार्वजनिक यातायातका साधनको जिम्मेवारीपूर्वक प्रयोग गरौं,
- सवारी चढ्ने र ओर्लने क्रममा सडक अनुशासन र पालोको पालना गरौं,
- ज्येष्ठ नागरिक, गर्भवती महिला, अपाङ्गता भएका व्यक्ति तथा बालबालिकालाई प्राथमिकता दिऔं,
- सार्वजनिक यातायातमा धूम्रपान गर्ने, फोहोर फाल्ने तथा होहल्ला गर्ने कार्य नगरौं,
- चालक तथा सहचालकसँग सभ्य र सम्मानजनक व्यवहार गरौं,
- चालक तथा सहचालकले यात्रुसँग सभ्य र सम्मानजनक व्यवहार गरौं,
- सवारी साधनको क्षमता भन्दा बढी यात्रु नचढौं/नचढाऔं,
- ट्राफिक नियमको पालना गरी सुरक्षित यात्रामा सहयोग गरौं,
- सार्वजनिक सम्पत्तिको संरक्षण गर्दै स्वच्छ र सुरक्षित यात्रा संस्कृतिको विकास गरौं।

धनुषाधाम नगरपालिका, धनुषा

बाढी र डुबान हुनुपूर्वको तयारी

- नदीमा बढेको पानी, ड्याम र तटबन्धको अवस्थाको जानकारी लिऔं,
- घरबाट नजिक रहेको सबैभन्दा अग्लो ठाउँ, चौर र सार्वजनिक भवनबारे थाहा पाइराखौं,
- आपतकालिन अवस्थाका लागि खाद्यान्न तथा औषधीजन्य सामाग्री घरको अग्लो ठाउँमा राखौं,
- गाउँ, टोल, वडामा रबरका डुङ्गा, लाईफ ज्याकेट, डोरी, बाँस र प्राथमिक उपचारका सामाग्री तयारी अवस्थामा राखौं,
- वर्षायाममा सधै मोबाईलमा पर्याप्त ब्यालेन्स र ब्याट्री राखौं,
- वर्षा र बाढीको अवस्थाबारे टोल फ्रि नम्बर ११५५ वा सञ्चार माध्यमबाट जानकारी लिने गरौं,
- प्रहरी, सुरक्षा निकाय र एम्बुलेन्सको नम्बर राखौं, तत्काल सहायता चाहिएमा सम्पर्क गरौं।

मुखियापट्टी मुसरनियाँ गाउँपालिका, धनुषा

कृत्रिम बुद्धिमत्ता (AI) को उचित प्रयोग गरौं

- कृत्रिम बुद्धिमत्ताको प्रयोग मानव हित, नैतिकता र कानुनी व्यवस्था अनुसार गरौं,
- कृत्रिम बुद्धिमत्ताबाट प्राप्त जानकारीको सत्यता र विश्वसनीयता पुष्टि गरेर मात्र प्रयोग गरौं,
- व्यक्तिगत गोपनीयता र संवेदनशील जानकारीको सुरक्षा सुनिश्चित गरौं,
- कृत्रिम बुद्धिमत्ताको प्रयोगबाट गलत सूचना तथा भ्रमपूर्ण सामग्रीको प्रचारप्रसार नगरौं,
- शिक्षा, स्वास्थ्य, कृषि, उद्योग र सार्वजनिक सेवामा कृत्रिम बुद्धिमत्ताको उचित प्रयोगलाई प्रोत्साहन गरौं,
- डिजिटल सीप र कृत्रिम बुद्धिमत्तासम्बन्धी सचेतना अभिवृद्धि गरौं,
- मानव निर्णय, उत्तरदायित्व र पारदर्शितालाई प्राथमिकता दिऔं ।

जनकपुरधाम उपमहानगरपालिका

विपद्को समयमा पर्न सक्ने मानसिक असरको न्यूनीकरण गरौं

- विपद्को समयमा डर, तनाव, चिन्ता, दुःख तथा असहज महसुस हुनु स्वाभाविक हो,
- आफन्त, साथीभाइ तथा समुदायसँग खुलेर कुराकानी गरौं,
- सुरक्षित स्थानमा बसौं, आफू र परिवारको सुरक्षालाई प्राथमिकता दिऔं,
- बालबालिका, ज्येष्ठ नागरिक तथा असहाय व्यक्तिलाई विशेष साथ, सहयोग र भरोसा दिने गरौं,
- नियमित खानपान, पर्याप्त आराम, निद्रा तथा दैनिक गतिविधिलाई सकेसम्म निरन्तरता दिने गरौं,
- विपद्को समयमा अफवाहमा विश्वास नगरी विश्वसनीय स्रोतबाट मात्र सूचना लिने गरौं,
- अत्यधिक तनाव, डर वा मानसिक असहजता रहिरहेमा स्वास्थ्यकर्मीसँग परामर्श लिऔं ।

विपद्को समयमा एक-आपसमा मनोबल बढाऔं,
मानसिक स्वास्थ्य जोगाऔं ।

औरही गाउँपालिका, धनुषा

भारतको बनारसबाट अपहरणमुक्त भए धनुषाका चन्दन यादव

खबर दर्पण समाचारदाता

मंसीर ५ गते, बर्दिबास

काठमाडौँबाट रहस्यमय ढंगले सम्पर्कविहीन भएका धनुषाका एक विद्यार्थी भारतको बनारसबाट अपहरणमुक्त भएका छन् ।

धनुषाको शहीदनगर नगर पालिका-२ मतौनाका चन्दन यादव (रामकृष्ण यादव) लाई भारतको बनारसबाट सकुशल उद्धार गरिएको हो ।

प्रतिनिधिसभा सदस्य रामविनोद यादवले शनिबार प्रेस विज्ञप्ति जारी गर्दै चन्दन अपहरणमुक्त भएको जानकारी दिएका हुन् । उनका अनुसार हाल यादवलाई आवश्यक कानुनी प्रक्रिया पूरा गरी सकुशल नेपाल ल्याउने तयारी भइरहेको छ ।

शहीदनगर नगरपालिका-२ निवासी प्रमानन्द यादवका छोरा चन्दन काठमाडौँस्थित सेन्ट जेभियर्स कलेजमा कक्षा १२ मा अध्ययनरत छन् । पर्व मनाउन घर आएका उनी काठमाडौं फर्किने क्रममा गत मंसिर २ गते बिहान करिब ६:१५ बजे बालकुमारी पुल क्षेत्रमा बसबाट ओर्लिएका थिए ।

त्यसपछि ट्याक्सी चढेर काठमाडौंको शान्तिनगरस्थित आफ्नो कोठातर्फ जाने क्रममा उनी सम्पर्कविहीन भएका थिए । ट्याक्सी चढ्नुअघि उनले भिनाजुसँग फोनमा कुराकानीसमेत गरेका थिए । सामान्यतया १० मिनेटभित्र कोठा पुग्नुपर्ने भए पनि लामो समयसम्म सम्पर्कमा नआएपछि परिवारले खोजी सुरु गरेको थियो ।

पछि उनी अपहरणमा परेको तथ्य सार्वजनिक भएपछि परिवारजन, आफन्त तथा सम्बन्धित निकायले खोजी तीव्र पारेका थिए ।

प्रतिनिधिसभा सदस्य यादवका अनुसार नेपाल सरकार, गृह मन्त्रालय, नेपाल प्रहरी, जिल्ला प्रहरी कार्यालय धनुषा तथा भारतीय प्रहरी प्रशासनलगायत निकायको समन्वय र पहलमा उनलाई भारतको बनारसबाट अपहरणमुक्त गराउन सफलता मिलेको हो ।

घटनामा सहयोग तथा समन्वय गर्ने भारत सरकार, भारतीय प्रहरी प्रशासन, नेपाल सरकार, नेपाल प्रहरी र अन्य सम्बन्धित



निकायप्रति सांसद यादवले आभार व्यक्त गरेका छन् ।

उनले चन्दनको खोजी र उद्धार का लागि चासो, सहयोग तथा सद्भाव प्रकट गर्ने आफन्त, शुभचिन्तक, सञ्चारकर्मी र आम नागरिकलाई पनि धन्यवाद दिएका छन् ।

साथै, चन्दनलाई सकुशल नेपाल ल्याई परिवारसँग पुनर्मिलन गराउने प्रक्रिया शीघ्र पूरा गर्न र उनको स्वास्थ्य, सुरक्षा तथा मनोवैज्ञानिक अवस्थालाई ध्यानमा राख्दै आवश्यक संरक्षण र सहयोग उपलब्ध गराउन सम्बन्धित निकायसँग आग्रह गरिएको छ ।

पर्यटन प्रवर्द्धन गरौं

- नेपालको प्राकृतिक, सांस्कृतिक तथा ऐतिहासिक सम्पदाको संरक्षण गरौं,
- कला, संस्कृति, भेषभुषा, भाषा, परम्पराको संरक्षण एवं प्रवर्द्धन गरौं,
- स्थानीय उत्पादन, हस्तकला तथा मौलिक खानाको प्रवर्द्धन गरौं,
- पर्यटकीय क्षेत्रको स्वच्छता र सौन्दर्यता कायम राखौं,
- पर्यटकप्रति सभ्य, सहयोगी र आतिथ्यपूर्ण व्यवहार गरौं,
- पर्यटन प्रवर्द्धन गरी स्थानीय समुदायको आर्थिक समृद्धिमा योगदान पुऱ्याऔं,
- सुरक्षित र दिगो पर्यटन क्षेत्रको विकासमार्फत आर्थिक समृद्धिका लागि जिम्मेवार बनौं ।

पर्यटक हाम्रा पाहुँना हुन्, सहयोग र सम्मान गरौं ।

कमला नगरपालिका, धनुषा

शान्तिपूर्ण समाज निर्माण गरौं

- शान्ति, सहिष्णुता र भाइचाराको भावना विकास गरौं,
- मतभेदलाई संवाद, सहकार्य र समझदारीबाट समाधान गरौं,
- जाति, धर्म, भाषा, संस्कृति तथा विचारका आधारमा हुने विभेद अन्त्य गरौं,
- बालबालिका, महिला तथा कमजोर वर्गको अधिकार र सुरक्षाको सम्मान गरौं,
- हिंसा, द्वन्द्व, घृणा र वैमनस्यको अन्त्यका लागि योगदान दिऔं,
- सामाजिक तथा सांस्कृतिक विविधताको सम्मान गर्दै सद्भाव कायम राखौं,
- परिवार, विद्यालय र समुदायमा शान्ति र अहिंसाको संस्कार विकास गरौं ।

विश्व शान्ति र मानवताको संरक्षणमा आफ्नो भूमिका निर्वाह गरौं ।

मिथिला बिहारी नगरपालिका, धनुषा

चाडपर्व मनाऔः सामाजिक सद्भाव कायम राखौं

- आ-आफ्ना धर्म, संस्कृति, परम्परा र मौलिकताको सम्मान गर्दै चाडपर्व मनाऔं,
- चाडपर्वका अवसरमा परिवार, आफन्त र समुदायबीच प्रेम, सद्भाव र भाइचारा बढाऔं,
- धार्मिक तथा सांस्कृतिक विविधतालाई साझा सम्पत्तिका रूपमा सम्मान गरौं,
- चाडपर्वका नाममा हुने भेदभाव, वैमनस्यता, झै-झगडा र हिंसाबाट टाढा रहौं,
- सामाजिक सञ्जालमा घृणा, अफवाह तथा विभाजनकारी सामग्री फैलाउने कार्य नगरौं,
- मितव्ययी, सुरक्षित र सभ्य ढंगले आपसी सम्मान र सद्भावकासाथ चाडपर्व मनाऔं ।

चाडपर्वको खुसी बाँडौं, सामाजिक सद्भाव र राष्ट्रिय एकता बलियो बनाऔं ।

धनौजी गाउँपालिका, धनुषा

हुलाक सेवाः नागरिकको विश्वास

- हुलाक सेवाको इतिहास, महत्व र योगदानको सम्मान गरौं,
- दुर्गम तथा ग्रामीण क्षेत्रमा समेत भरपर्दो हुलाक सेवा विस्तारमा सहयोग गरौं,
- हुलाक सेवालाई आधुनिक सूचना तथा सञ्चार प्रविधिसँग जोड्दै प्रभावकारी बनाऔं,
- हुलाकमार्फत उपलब्ध सेवा तथा सुविधाको प्रयोग तथा सही सदुपयोग गरौं,
- चिठीपत्र, पार्सल तथा अन्य सामग्री पठाउँदा सही विवरण र सुरक्षित प्याकेजिङमा ध्यान दिऔं,
- हुलाक सेवाको डिजिटल रूपान्तरण र आधुनिकीकरणलाई प्रोत्साहन गरौं,
- हुलाक सम्पदा तथा ऐतिहासिक महत्वका सामग्रीको संरक्षण गरौं,
- आधुनिक हुलाक सेवा अपनाऔं, सेवा प्रवाहलाई प्रभावकारी बनाऔं ।

जनक नन्दनी गाउँपालिका, धनुषा

सुरक्षित यात्रा गरौं

- यात्रा गर्दा सवारी साधनको अवस्था जाँच गरौं,
- चालकले तोकिएको गति र सीमाको पूर्ण पालना गरौं,
- मोटरसाइकलमा हेल्मेट तथा चारपाङ्ग्रे सवारीमा सिटबेल्ट अनिवार्य प्रयोग गरौं,
- मादक पदार्थ सेवन गरी सवारी नचलाऔं,
- सवारी चलाउँदा मोबाइल फोनको प्रयोग नगरौं,
- क्षमताभन्दा बढी यात्रु नचढौं/ नचढाऔं,
- लामो यात्रा गर्दा सवारी चालकले आवश्यक विश्राम लिने गरौं,
- सडक तथा मौसमको अवस्था हेरी सावधानीपूर्वक यात्रा गरौं ।

सुरक्षित यात्राका लागि ट्राफिक नियमको अनिवार्य पालना गरौं ।

गणेशमान चारनाथ नगरपालिका, धनुषा

बिल लिने र दिने बानी बसालौं

- बिल-बीजक उपभोक्ता अधिकारको सुरक्षा हो,
- प्रत्येक खरिद, बिक्रीमा बिल-बिजकलाई खरिदको प्रमाणका रूपमा सुरक्षित राखौं,
- म्याद नाघेका, गुणस्तरहीन वा लेबल नभएका वस्तु खरिद, बिक्री नगरौं,
- वस्तु तथा सेवाको मूल्य, गुणस्तर, परिमाण र उत्पादन मिति जाँच गरेर मात्र खरिद गरौं,
- अनुचित मूल्यवृद्धि, ठगी वा कालोबजारी भएमा सम्बन्धित निकायमा जानकारी गराऔं,
- जिम्मेवार उपभोक्ता र इमानदार व्यवसायी मिलेर स्वच्छ बजार निर्माण गरौं ।

सचेत उपभोक्ता बनौं, स्वच्छ र पारदर्शी बजार निर्माणमा सहयोग गरौं।

शहिद नगर नगरपालिका, धनुषा

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२५८५)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२५०५३) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,